# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-३८ | २०६३ जेठ -असार | अङ्क :- ८


## त्रिविको सतचालीसौं वार्षिकोत्सव सम्पन्न



**त्रिविको ४७ औं वार्षिकोत्सवको उपलक्ष्यमा स्मृतिभवनस्थित शिलालेखमा माल्यार्पण गरिंदै ।** *(तस्वीरःत्रिवि सूचना शाखा)*

काठमाडौं । त्रिभुवन विश्वविद्यालयको ४७ औं वार्षिकोत्सवको उपलक्ष्यमा असार २१ गते कीर्तिपुर स्मृतिभवनस्थित त्रिविको शिलालेखमा माल्यार्पण गरियो ।

सो माल्यार्पण कार्यक्रममा विभिन्न अध्ययन संस्थान र संकायका डीनहरू,अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू, केन्द्रीय विभागका प्रमुखहरू, क्याम्पस प्रमुखहरु, विभिन्न शाखा महाशाखाका प्रमुखहरू,शिक्षक, कर्मचारी एवं विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

## शिक्षण अस्पतालको क्षमता बढाइने छः*शेरचन*

काठमाडौं । उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङख्यामन्त्री अमिक शेरचनले हाल चार सय शय्याको महाराजगंजस्थित त्रिवि शिक्षण अस्पतालको क्षमता वृद्धि गरी आठ सय शय्या बनाउनेतर्फ लागि पर्ने बताउनुभएको छ ।

उक्त अस्पतालको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा असार ३० गते आयोजित कार्यक्रममा उपप्रधानमन्त्री शेरचनले मुलुकको स्वास्थ्य क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन र गुणस्तरीय एवं प्रभावकारी उपचार सेवामा प्रतिवद्ध अस्पतालको क्षमता अभिवृद्धि गर्न जापान सरकारका साथै अन्य सहयोगी संस्थाहरूसँग अनुरोध गरिने उल्लेख गर्नुभयो ।

उहाँले अस्पतालहरूमा २५ शय्या निःशुल्क बनाउने, ग्रामीण एवं दुर्गम जिल्लाका अस्पतालमा कम्तीमा दुई

*(बांकी ४ पृष्ठमा)*

## डा. महर्जनलाई त्रिविको दैनिक कार्य संचालनको कार्यभार

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका सहकुलपतिको हैसियतले शिक्षा तथा संस्कृति मन्त्री प्रा.डा. मंगलसिद्धि मानन्धरले शिक्षाशास्त्र संकायका डीन प्रा.डा. नरेन्द्रबहादुर महर्जनलाई त्रिवि ऐन २०४९ को दफा १७(३) अनुसार अर्को व्यवस्था नभएसम्मका लागि त्रिविको दैनिक कार्य संचालनलगायतका कार्यहरू गर्न निर्देशन दिनुभएको छ ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय,उच्च शिक्षा तथा शैक्षिक व्यवस्था महाशाखाको असार ३० को पत्रानुसार प्रा.डा.महर्जनलाई विद्यार्थीको दैनिक पठन पाठन, भर्ना, परीक्षासम्बन्धी कार्यहरू गर्ने गराउने, प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको पाकेको तलव भत्ता दिनका साथै अन्य निकायलाई स्वीकृत कार्यक्रमअनुसारको बजेट निकासा गर्ने, विश्वविद्यालयमा दैनिक र भैपरी आउने प्रशासनिक कार्यहरू गर्ने गराउने व्यवस्था गर्ने निर्देशन दिइएको छ ।

## राजीनामा स्वीकृत

काठमाडौं । त्रिविका कुलपति श्री ५ महाराजाधिराजबाट त्रिविका शिक्षाध्यक्ष प्रा.डा. महेन्द्र सिंह र रजिस्ट्रार प्रा.गीताभक्त जोशीले आ-आफ्नो पदबाट दिनुभएको राजीनामा जेठ २१ गते स्वीकृत गरिबक्सेको छ ।

# विद्यावारिधि उपाधि प्रदान



***श्रीमती कमला दाहाल***:त्रिभुवन विश्वविद्यालयले श्रीमती कमला दाहाललाई 'मध्यकालीन नेपालमा शिक्षा' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

त्रिवि मानविकी र सामाजिक शास्त्र संकायअन्तर्गत संस्कृति विषयमा सो उपाधि प्राप्त गर्नुहुने पाटन संयुक्त क्याम्पसका उपप्राध्यापक श्रीमती दाहाल कुनै पनि युगको राजनैतिक इतिहासका साथै शैक्षिक गतिविधिको समेत अध्ययन भएको खण्डमा मात्र सामाजिक अध्ययनले पूर्णता पाउने बताउनुहुन्छ ।

उहाँ आफ्नो शोधपत्रमा मध्यकालीन शासकहरूका शैक्षिक गतिविधि एवं शिक्षा नीति, मध्यकालीन पाठ्यसामग्री, पाठ्यविषय र पाठ्यमाध्यम, शैक्षिक केन्द्रहरू र शिक्षकहरूबारे जानकारी दिनुका साथै मध्यकालीन राज्यहरूमा नारी शिक्षाको अवस्थाबारे प्रकाश पार्नुभएको छ ।



***प्रतापचन्द्र प्रधान***:त्रिभुवन विश्वविद्यालयले प्रतापचन्द्र प्रधानलाई नेपाली विषयअन्तर्गत'आधुनिक नेपाली उपन्यासको विकासमा भ्रमर उपन्यासको योगदान' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभागका सहप्राध्यापक प्रधानले आफ्नो शोधपत्रमा आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियासँग साहित्यकार रुपनारायण सिंहको 'भ्रमर'उपन्यास (विसं १९९३) को योगदानको प्रसंगलाई जोडी विवेचना गर्ने प्रयास गर्दै पूर्वको नेपाली गद्याख्यान र औपमासिक संक्रमण तथा प्रवर्तनको ऐतिहासिक सन्दर्भमा यसै भ्रमर उपन्यासलाई शोधकार्यको केन्द्रीय आधार बनाइ यस उपन्यासले आधुनिक नेपाली उपन्यासका प्रवर्तन र प्रतिष्ठापनमा पुऱ्याएको योगदानलाई ऐतिहासिक, कृतिपरक र तुलनात्मक विवेचनापूर्वक प्रस्ट्याउनु भएको छ ।



***शशिनाथ ठाकुर***:त्रिभुवन विश्वविद्यालय संस्कृत केन्द्रीय विभागका सहप्राध्यापक शशिनाथ ठाकुरलाई भारतको वाराणसीस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयले संस्कृत विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँलाई 'स्मृतिषु आपद्धर्म व्यवस्था' शीर्षकको शोधपत्रमा उक्त उपाधि प्रदान गरिएको हो ।

उहाँका अनुसार याज्ञवल्क्यस्मृतिको टीका मिताक्षरामा वर्णधर्म,आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्म गरी ६ वटा धर्महरू उल्लेख रहेको र यी ६ वटै धर्महरू गर्न नसक्ने अवस्थामा गर्ने धर्मलाई आपद्धर्म भनिन्छ । सामान्य धर्म पालना गर्न नसकिने अवस्थामा आपद्धर्म को आवश्यकता पर्ने र यस्तो धर्मस्मृतिद्वारा प्रतिपादित गरिएको बताउनु हुने उहाँ सामान्य धर्मको जानकारी गराउनुका साथै अकस्मात् आइपरेको आपत्तिकालमा गर्ने धर्मको अध्ययन गरी यसको महत्वलाई स्पष्ट पार्नु आफ्नो शोधको उद्देश्य रहेको जानकारी दिनुहुन्छ ।



***डिल्लीबहादुर ओली***:त्रिभुवन विश्वविद्यालयले डिल्लीबहादुर ओलीलाई 'पश्चिम नेपालको वादी समाजः सामाजिक परिवर्तनका सन्दर्भमा' शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

नेपाली,इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका उपप्राध्यापक ओलीले बादीका बारेमा सामान्य लेखहरू प्रकाशित भए पनि उनीहरूको उत्थानका लागि केही प्रयास भए पनि उनीहरूको परिचय, संस्कृति, वेश्यावृत्तिबारे कुनै अध्ययन नभएकोले पश्चिम नेपालमा छरिएर रहेका उनीहरूबारे अध्ययन हुन सकेमा पश्चिम नेपालको सामाजिक अवस्थाको एउटा महत्वपूर्ण पक्षकै उद्घाटन हुन सक्ने देखेर यो विषयमा आफूले शोध गरेको बताउनुहुन्छ ।

सरकारी तथ्यांकअनुसार बादीको संख्या ४ हजार ४४२ रहेको भए तापनि शोधको क्रममा उनीहरूको संख्या ६ हजार जति रहेको अध्ययनको क्रममा देखिएको बताउने उहाँ आफ्नो शोधपत्रमा आयआर्जनका अन्य स्रोतमा लगानी, परिश्रम गर्नुपर्ने भएकाले वादी समुदायले सवैभन्दा सजिलो पेशाको रुपमा वेश्यावृत्तिलाई अंगालेको बुझिएको उल्लेख गर्नुहुन्छ ।



***श्रीमती श्यामाकुमारी महतो***:त्रिभुवन विश्वविद्यालयले श्रीमती श्यामाकुमारी महतोलाई मानविकी र सामाजिक शास्त्र संकायअन्तर्गत मैथिली विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

जनकपुरस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पसको मैथिली केन्द्रीय विभागका उपप्राध्यापक श्रीमती महतोलाई 'डा.धीरेन्द्रः व्यक्तित्व एवं कृतित्व' शीर्षकको शोधपत्रमा उक्त उपाधि प्रदान गरिएको हो ।

# त्रिविको वार्षिकोत्सवको उपलक्ष्यमा खेलकुद प्रतियोगिता आयोजना

काठमाडौं। त्रिभुवन विश्वविद्यालयको ४७ औं वार्षिकोत्सवको उपलक्ष्यमा त्रिवि कर्मचारी संघ केन्द्रीय कार्यालय एकाइले असार ५ देखि १८ गतेसम्म उपत्यकाव्यापी क्याम्पस कर्मचारी एकाइ व्याडमिन्टन प्रतियोगिता आयोजना गऱ्यो ।

प्रतियोगितामा पुरूष सिंगलतर्फ आयुर्वेद क्याम्पसका सविर बुढाथोकी प्रथम, प्राकृतिक विज्ञान संग्रहालयका किशोर चाहार द्वितीय र केन्द्रीय कार्यालय कीर्तिपुरका लक्ष्मीप्रसाद महर्जन तृतीय हुनुभएको छ ।

त्यसैगरी महिला सिंगलतर्फ पुल्चोक क्याम्पसका शान्ति अवाले प्रथम, केन्द्रीय कार्यालयका दिलिना जोशी द्वितीय र पुल्चोक क्याम्पसका इन्दु न्यौपाने तृतीय हुनुभएको छ ।



**त्रिविको ४७ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित खेलकुद प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गरिदैं ।** *(तस्वीर:त्रिवि सूचना शाखा)*

पुरूष डबलसतर्फ शिक्षण अस्पतालका राजेश सिंह देवकोटा र अरूण वज्राचार्य प्रथम, केन्द्रीय कार्यालयका अमिरराज सिन्दुराकार र सुविन्द्र महर्जन द्वितीय तथा विश्वविद्यालय क्याम्पसका हरिराज आचार्य र गंगाराम महर्जन तृतीय हुनुभएको छ ।

जम्मा १९ वटा क्याम्पस एकाइबाट पुरूष सिंगल र डबल तथा महिला सिंगलमा गरी ५७ टिमले सो प्रतियोगितामा भाग लिएका थिए ।

त्यसैगरी सोही वार्षिकोत्सवको उपलक्ष्यमा केन्द्रीय कार्यालय एकाइले एकाइभित्र गाग्री फुटाल्ने र म्युजिकल चेयर प्रतियोगिता आयोजना गरेको थियो ।

प्रतियोगितामा गाग्री फुटाउनेतर्फ पुरूषमा विजय घिमिरे, महिलामा मीरा झा र शान्ता बस्नेत विजयी हुनुभएको छ भने म्युजिकल चेयरमा लक्ष्मी खत्री, अनिता बस्नेत र कृष्ण कमल दली क्रमशः प्रथम, द्वितीय र तृतीय हुनुभएको छ ।

ती सबै प्रतियोगिताका विजयी कर्मचारीहरूलाई कर्मचारी संघ केन्द्रीय समितिका अध्यक्ष शम्भुप्रसाद भट्टाराईले असार १८ गते एक समारोहकाबीच पदक, पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# तालिम कार्यक्रमका सहभागीलाई प्रमाणपत्र वितरण

काठमाडौं। त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयद्वारा आयोजित ' पुस्तकालय तथा सूचना विज्ञान तह-३' सम्बन्धी ३५ दिने तालिम कार्यक्रम समापनको अवसर मा सहभागीहरूलाई शिक्षा तथा खेलकुद मन्त्रालयका निमित्त सचिव राम सरोवर दुवेले असार २६ गते आयोजित कार्यक्रममा प्रमाणपत्र वितरण गर्नुभयो ।

सो समारोहलाई सम्बोधन गर्दै निमित्त सचिव दुवेले सम्पत्ति संग्रह गरेमा त्यसको स्थायित्व रहने वा नरहने भन्न नसकिने, तर ज्ञान संग्रह गरेपछि त्यो जति खर्च गऱ्यो उति बढेर जाने बताउनुभयो ।

समारोहमा सभापतिको आसनबाट केन्द्रीय पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीले अन्य देशहरूमा पुस्तकालयहरूका लागि राष्ट्रिय बजेटको ६ देखि १० प्रतिशत विनियोजन गरी त्यसको उपयोगितालाई बढावा दिने प्रयास भइरहेको सन्दर्भमा नेपालकै विशालतम त्रिवि केन्द्रीय पुस्तकालयलाई पनि सरकारले दृष्टि पुऱ्याउनु पर्ने विचार राख्नुभयो ।

तालिमका सहभागीहरूका तर्फबाट बोल्दै श्रीमती नीलम थापाले एउटा पुस्तक पाठकसम्म पुऱ्याउन के-के गर्नु पर्दछ भन्ने कुरा यो तालिमबाट आफूहरूले सिक्न पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

नेपाल पुस्तकालय संघका अध्यक्ष भोलाकुमार श्रेष्ठ र तालिम संयोजक चन्द्रकान्त झाले पनि आफ्नो मन्तव्य राख्नुभएको सो समापन समारोहमा स्वागत मन्तव्य उपलाइब्रेरियन श्रीमती विणा वैद्य र धन्यवाद ज्ञापन अर्का उपलाइब्रेरियन चिरञ्जीवी न्यौपानेले गर्नुभएको थियो ।

तालिम कार्यक्रममा त्रिविका साथै विभिन्न संघ संस्थाका २९ जनाले भाग लिएका थिए ।

# गणित समाजको वार्षिकोत्सव सम्पन्न

काठमाडौं । नेपाल गणित समाजको २८ औं वार्षिक दिवस तथा ९ औं साधारण सभा वैशाख ३१ गते सम्पन्न भयो ।

कार्यक्रमको पहिलो सत्रमा गणितज्ञ तथा पूर्व प्रशासकद्वय डा. ईश्वरप्रसाद उपाध्याय र डा. निजामुद्दिन सुमानी तथा वरिष्ठ गणित शिक्षकहरू डा. हरिभक्त श्रेष्ठ र रामलाल सिन्हालाई वयोवृद्ध गणितज्ञ केशवदेव भट्टराईले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

उहाँहरूले राष्ट्र विकासमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सो सम्मान गरिएको हो ।

सोही अवसरमा 'ओकेजनल पेपर्स भोल्युम-३' र समाजको न्युजलेटरको दोस्रो अंक पनि लोकार्पण गरिएको थियो ।

कार्यक्रममा समाजका सचिव तथा त्रिवि गणित केन्द्रीय विभागका प्रा. यादवप्रसाद कोइरालाले नेपाल गणित समाजबारे प्रकाश पार्दै यस्ता समाजले राष्ट्र विकासमा पुऱ्याउने योगदानबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विशालनाथ उप्रेती, गणित केन्द्रीय विभागका पूर्वप्रमुख तथा नेपाल गणित समाजका पूर्वअध्यक्षद्वय प्रा.डा. शंकरराज पन्त र प्रा. धुपरत्न वज्राचार्य लगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा काठमाडौं विश्वविद्यालयका सहायक प्राध्यापक ज्योति उपाध्यायले 'माथम्याटिकल मोडलिङ' विषयमा र गणित केन्द्रीय विभागका उप प्राध्यापकद्वय डा. टंकनाथ धमला र श्रीराम खड्काले 'जस्ट इन टाइम सिक्वेन्सिङ फर मिक्सड् मोडल प्रोडक्सन सिस्टम' विषयमा प्रवचन दिनु भएको थियो । सो सत्र प्रा.डा. सन्तोषमान मास्केको सभापतित्वमा भएको थियो ।

***नयाँ कार्यसमिति गठन***

कार्यक्रमको तेस्रो सत्रमा समाजको नयाँ कार्यकारिणी समिति गठन गरिएको थियो । आगामी ३ वर्षका लागि गठन गरिएको सो कार्यकारिणी समितिमा प्रा.डा. होमनाथ भट्टराई अध्यक्ष, प्रा.यादवप्रसाद कोइराला उपाध्यक्ष, डा. टंकनाथ धमला सचिव, श्रीमती धनकुमारी थापा सह सचिव र श्रीराम खड्का कोषाध्यक्ष रहनुभएको छ।

त्यसै गरी समितिका सदस्यहरूमा बाबुराम चापागाई, टीकाराम भुसाल, रामविश्वासप्रसाद शाह, निसार अहमद र नरसिंह रावल चयन हुनुभएको छ ।

---

**शिक्षण अस्पतालको** .....

चिकित्सकको व्यवस्था गर्ने र आवश्यक औषधि एवं उपकरण समयमा पुऱ्याउने नीति वर्तमान सरकारले लिएको जानकारी पनि दिनुभयो ।

स्वास्थ्यमन्त्री शेरचनले ग्रामीण भेगमा दरवन्दी अनुसारको स्वास्थ्यकर्मी बस्ने नगरेकोमा चिन्ता व्यक्त गर्दै राज्यको ठूलो लगानीबाट उत्पादित स्वास्थ्य विशेषज्ञहरू कम्तीमा दुई वर्ष दुर्गम भेगमा बसी मुलुकप्रति जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपालका लागि जापानी राजदूत चुतोमु हिराओकाले घनिष्ट मित्रराष्ट्रका नाताले जापानले विगत तीन दशकदेखि स्वास्थ्य, शिक्षालगायतका सामाजिक क्षेत्रमा आवश्यक रकमसहित प्रविधि र उपकरणमार्फत नेपाललाई सहयोग गरिरहेको जानकारी दिनुभयो ।




त्रिवि शिक्षण अस्पतालको वार्षिकोत्सव समारोहको एक झलक ।

चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. रमेशकान्त अधिकारीले स्वास्थ्य क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न संस्थान प्रतिवद्ध रहेको बताउनुभयो ।

त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेशप्रसाद खकुरेलले जापान सरकारको सहयोगबाट २३ वर्ष अघि स्थापित यस अस्पतालमा हाल चार सय शय्या रहेको र एक हजार २१४ जनशक्ति क्रियाशील रहेको जानकारी दिनु भयो ।

सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबाट समेत सहयोग जुटाई नमुना अस्पतालका रूपमा विकसित गर्दै सरल, सुलभ एवं निःशुल्क सेवा प्रदान गर्न आफूहरू लागि परेको पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा उपप्रधानमन्त्री शेरचनले अस्पतालको वार्षिकोत्सवका उपलक्ष्यमा सञ्चालित विभिन्न खेलकुदका विजेता तथा अस्पतालमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्नुभएको थियो ।

# प्राध्यापक र सह प्राध्यापकहरूको नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई निम्नअनुसार नियुक्त गरेको छ :**

***पदः प्राध्यापक***

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति मिति |
|---|---|---|---|
| डा. बालकृष्ण सापकोटा | ईन्जिनीयरिङ्ग फिजिक्स | पुल्चोक क्याम्पस,पुल्चोक | २०६२।१०।९ |
| डा. भद्रप्रसाद पोखरेल | " | " | " |
| श्री अमला श्रेष्ठ | ईन्जिनीयरिङ्ग केमेष्ट्री | " | " |
| डा. रामनाथ खनाल | ईन्जिनीयरिङ्ग कम्यूनिकेशन(अंग्रेजी) | " | " |
| श्री लालानाथ सुवेदी | ईन्जिनीयरिङ्ग कम्यूनिकेशन(नेपाली) | " | " |

***पदः सह प्राध्यापक***

| | | | |
|---|---|---|---|
| डा. सीतारामबहादुर थापा | भौतिकशास्त्र | बीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०६२।९।२५ |
| श्री रामबहादुर क्षेत्री | " | " | " |
| श्रीमती शोभा भारती | " | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | " |
| श्रीमती पन्नाशोभा कंसाकार | प्राणीशास्त्र | अमृत क्याम्पस,लैनचौर | " |
| श्री अपर्णा प्रधान | " | " | " |
| श्रीमती निलु मानन्धर | " | " | " |
| श्रीमती शिला मास्के प्रधान | " | " | " |
| श्रीमती कमला श्रेष्ठ | " | " | " |
| श्री भेषराज शर्मा खतिवडा | अर्थशास्त्र | महेन्द्र बहुमुखी क्याम्पस,धरान | २०६२।१०।४ |
| डा. सूर्यप्रसाद संग्रौला | " | महेन्द्र मो.आ.ब.क्याम्पस,विराटनगर | " |
| श्री लक्ष्मणप्रसाद सिंह | " | " | " |
| श्री प्रकाशमान गुभाजु | " | पृथ्वीनारायण ब.क्याम्पस,पोखरा | " |
| श्री देवनारायण सुतिहार | " | " | " |
| श्री प्रविणकुमार गिरी | " | नेपाल कर्मश क्याम्पस,मीनभवन | " |
| श्री तारादेवी वज्राचार्य | " | " | " |
| श्री सुशिलविक्रम थापा | " | पाटन संयुक्त क्याम्पस,पाटनढोका | " |
| श्री रामकुमार शर्मा, खनाल | ईन्जिनीयरिङ्ग केमेष्ट्री | पुल्चोक क्याम्पस,पुल्चोक | २०६२।१०।९ |
| श्रीमती रिनीता जोशी(राजभण्डारी) | " | " | " |
| श्री राजेश्वरमान श्रेष्ठ | " | " | " |
| श्री रामेश्वरराज अर्याल | ईन्जिनीयरिङ्ग कम्यूनिकेशन(अंग्रेजी) | " | " |
| श्री राजकुमार यादव | " | " | " |
| श्री यादवप्रसाद ढुंगाना | ईन्जिनीयरिङ्ग कम्यूनिकेशन(नेपाली) | " | " |
| श्री निरन्जनप्रसाद शर्मा | ईन्जिनीयरिङ्ग फिजिक्स | " | २०६२।१०।९ |
| श्री खेमनारायण पौड्याल | " | " | " |

# नेपाल कमर्स क्याम्पसको वार्षिकोत्सव सम्पन्न

काठमाडौं । त्रिविका सहकुलपति शिक्षा तथा खेलकुदमन्त्री प्रा.डा. मंगलसिद्धि मानन्धरले शिक्षामा सबैको समान पहुँच पुऱ्याउन नेपाल सरकार स्पष्ट शिक्षा नीति तयार गर्न प्रयत्नशील रहेको बताउनुभएको छ ।

मीनभवनस्थित नेपाल कमर्स क्याम्पसको ३४ औं वार्षिकोत्सवको उपलक्ष्यमा जेठ २१ गते आयोजित कार्यक्रममा उहाँले निजी विद्यालयहरूलाई राष्ट्रियकरण गर्ने सरकारको नीति नरहेको स्पष्ट पार्दै निजी र सरकारी विद्यालयहरूबीच देखिएको शैक्षिक अन्तरलाई हटाउन समानस्तरको शिक्षा दिन सरकार लागि पर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा सो क्याम्पसमा २० वर्ष सेवा गरेका ८ शिक्षक र कर्मचारीलाई दीर्घसेवा पदक र कदरपत्र प्रदान गरिएको थियो ।

यसैगरी जनआन्दोलमा घाइते भएका र जेल परेका क्याम्पसका विद्यार्थीहरूलाई पनि सम्मानपत्र प्रदान गरिएको थियो ।

क्याम्पस प्रमुख माधवप्रसाद न्यौपानेको सभापतित्वमा भएको सो कार्यक्रममा सहायक क्याम्पस प्रमुख राजेश्वर न्यौपानेले क्याम्पसको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।



**नेपाल कमर्स क्याम्पसको वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित समारोहमा अतिथिगण**

# विभिन्न क्याम्पसलाई कार्यक्रम संचालन स्वीकृति

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निम्न क्याम्पसहरूलाई निम्न संकायअन्तर्गत निम्न तह र कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गरेको छ :

| **क्याम्पसको नाम तथा ठेगाना** | **संकाय** | **तह** |
|---|---|---|
| ❖ मकवानपुर बहुमुखी क्याम्पस,हैटौंडा | मानविकी | एम.ए. |
| ❖ ख्वप कलेज,भक्तपुर | ,, | ,, |
| ❖ ख्वप कलेज,भक्तपुर | विज्ञान | बी.एस्सी. |
| ❖ डेडीथुम्का पब्लिक क्याम्पस,महादेवस्थान-३,मण्डन,काभ्रे | मानविकी | बी.ए. |
| ❖ काठमाडौं मोडेल कलेज,वागवजार,काठमाडौं | ,, | ,, |
| ❖ काभ्रे बहुमुखी क्याम्पस,बुडोल,वनेपा | ,, | ,, |
| ❖ गौतम बुद्ध बहुमुखी क्याम्पस,मैतीदेवी,काठमाडौं | ,, | ,, |
| ❖ चैतव्य बुहमुखी क्याम्पस,वनेपा ६,काभ्रे | शिक्षाशास्त्र | एम.एड. |
| ❖ शहीद स्मृति बहुमुखी क्याम्पस,रत्ननगर-३,चितवन | ,, | बी.एड.(तीन वर्ष) |
| ❖ मुसिकोट खलंगा बहुमुखी क्याम्पस,रूकुम | ,, | ,, |
| ❖ बरुण बहुमुखी क्याम्पस, खांदवारी,संखुवासभा | ,, | बी.एड.(एक वर्ष) |
| ❖ ग्लोवल कलेज, वानेश्वर,काठमाडौं | व्यवस्थापन | एम.बी.एस. |
| ❖ इण्टरनेशनल कलेज खैरेनी, चितवन | ,, | बी.बी.एस. |


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| **सम्पादक** | : | प्रेमकृष्ण चित्रकार |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |